# गण्डकी गाउँपालिकाको यान्त्रिक साधन सञ्चालन कार्यविधि, २०७८

गाउँ कार्यपालिकावाट स्वीकृत मिति २०७८/०८/१२

प्रमाणिकरण मिति २०७८/०८/१४

गण्डकी गाउँपालिका
गोरखा
गण्डकी प्रदेश, नेपाल

गण्डकी गाउँ कार्यपालिकाबाट मिति २०७८ मंसिर १२ गते स्वीकृत भएको उपर्युक्त अनुसारको गण्डकी गाउँपालिकाको यान्त्रिक साधन सञ्चालन कार्यविधि २०७८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु।

०७८।८।१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७८/०८/१४



Scanned with CamScanner

# गण्डकी गाउँपालिकाको यान्त्रिक साधन सञ्चालन कार्यविधि २०७८

प्रमाणिकरण मितिः २०७८।०८।१४

**प्रस्तावना** :- गण्डकी गाउँपालिकाले गाउँपालिकाका जनताहरुलाई चुस्त दुरुस्त र सर्वसुलभ दरमा ठुला यान्त्रिक उपकरण उपलब्ध गराउने उद्देश्यले यो कार्यविधि निर्माण गरिएको छ । गाउँपालिकाले खरिद गरेका ठुला यान्त्रीक उपकरण सञ्चालन, भाडा दर, पारिश्रमिक, मर्मत सम्भार सम्वन्धि व्यवस्था यसमा गरिएको छ । गाउँपालिका वासीहरुलाई विकासका गतिविधि तथा भौतिक निर्माणमा विशेष सहुलियत प्रदान गर्नका लागि यो कार्यविधि निर्माण गरिएको हो । यस कार्यविधि निर्माण पश्चात गाउँपालिकाका विभिन्न विकास र निर्माणका काममा तदारुकताका साथै सहुलियतमा विकास निर्माणको काम गर्न यहाँका नागरिक र उपभोक्ता समितिहरुलाई सहज हुनेछ । गण्डकी गाउँपालिकाको मिति २०७८।०८।१२ गते कार्यपालिकाको बैठकले 'यान्त्रीक साधन सञ्चालन सम्वन्धि कार्यविधि २०७८' पारित गरिएको छ ।

## परिच्छेद : १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "गण्डकी गाउँपालिकाका यान्त्रिक साधन सञ्चालन कार्यविधि २०७८" रहने छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) 'गाउँपालिका' भन्नाले गण्डकी गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(ख) 'यान्त्रिक साधन' भन्नाले गण्डकी गाउँपालिकाले पूर्वाधार विकास र सरसफाई कार्यमा सञ्चालनमा ल्याएका व्याक हो लोडर (जे.सि.वि.), र टिप्पर लगायतका साधन भन्ने सम्झनुपर्दछ ।

(ग) 'यान्त्रिक साधन संचालन समिति' यो कार्यविधि वमोजिम गण्डकी गाउँपालिकामा रहेका यान्त्रिक उपकरण संचालन एवं व्यवस्थापन गर्नका लागि गठित समितिलाई जनाउँछ ।

(घ) 'वडा कार्यालय' भन्नाले गण्डकी गाउँपालिका अन्तर्गतका ८ वटा वडा कार्यालयहरु भन्ने सम्झनुपर्दछ ।

(ङ) 'भाडादर' भन्नाले विभिन्न यान्त्रिक साधन प्रयोग गरे वापतको भाडादर भन्ने सम्झनुपर्दछ ।

(च) 'चालक' भन्नाले सम्वन्धित यान्त्रिक उपकरण चलाउनका लागि नेपाल सरकारबाट लाइन्सेस प्राप्त व्यक्ति सम्झनुपर्दछ ।

(छ) 'हेल्पर' भन्नाले यान्त्रिक उपकरण साधनको सुरक्षा र हेरचाह गर्ने चालकलाई सघाउने व्यक्ति भन्ने वुझिनेछ ।

**३.कार्यविधिको उद्देश्य :**



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) सुलभ दरमा ब्याक हो लोडर (जे.सि.वि.) र टिप्पर उपलब्ध गराउने ।

(ख) विकास निर्माणका काममा तत्काल सक्रियता देखाउने ।

(ग) गाउँपालिकाका भौतिक विकासका कामहरु तत्काल गर्ने ।

## परिच्छेद : २

**४. कार्यविधि कार्यान्वयन प्रक्रिया :**

'गण्डकी गाउँपालिकाको यान्त्रिक साधन सञ्चालन कार्यविधि २०७८' अनुसार यान्त्रिक उपकरण तथा साधनको सेवाशुल्क निम्नानुसार लिईनेछ ।

क. ब्याक हो लोडर (जे.सि.वि.)

१. ब्याक हो लोडर (जे.सि.वि.) ईन्धन सहित प्रति घण्टा रु. २२०० (दुई हजार दुई सय रुपैया मात्र)

ख. टिप्पर

१. टिप्पर सेवाशुल्क प्रतिदिन तेल सहित रु. १८००० (अठार हजार रुपैया मात्र)

**५. 'यान्त्रिक साधन सञ्चालन कार्यविधि २०७८' अनुसार यान्त्रिक उपकरणमा काम गर्ने चालक र सहचालकको सेवा लिए वाफत पारिश्रमिक निम्नानुसार उपलब्ध गराइनेछ ।**

**१. ब्याक हो लोडर (जे.सि.वि.) चालक**

क) मासिक पारिश्रमिक रु. २५,८५०।- (पच्चीस हजार आठ सय पचास रुपैया मात्र)

ख) भत्ता प्रतिघण्टा रु. १००।-

**२. टिप्पर चालक**

क) मासिक पारिश्रमिक रु. २५,८५०।- (पच्चीस हजार आठ सय पचास रुपैया मात्र)

ख) भत्ता प्रतिदिन रु. ३००।-

**३. ब्याक हो लोडर (जे.सि.वि.) र टिप्पर सहचालक**

क) मासिक पारिश्रमिक रु १५,०००।- (पन्ध्र हजार रुपैया मात्र)

ख) ब्याक हो लोडर (जे.सि.वि.) भत्ता प्रतिघण्टा रु. ५०।- र टिप्पर भत्ता प्रतिदिन रु. २००।-

यान्त्रिक साधन चालक अनुभवी र दक्ष हुनुपर्नेछ । यान्त्रिक उपकरण साधनको पूर्ण जिम्मेवारी लिनुपर्नेछ ।

**६. आर्थिक सञ्चालन सम्बन्धि**



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

१) गण्डकी गाउँपालिकाभित्र रहेका यान्त्रिक उपकरण साधन संचालन एवं व्यवस्थापन गर्न तपसील बमोजिमको संचालन समिति रहनेछ ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| २. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ३. आर्थिक प्रशासन शाखा | - सदस्य |
| ४. योजना शाखा | - सदस्य |
| ५. पुर्वाधार तथा भवन नियमन शाखा | – सदस्य सचिव |

२) यान्त्रिक उपकरण साधन संचालन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) गाउँपालिकामा रहेका हेभि मेसिनरी उपकरणहरुको उचित परिचालन र व्यवस्थापन गर्ने ।

ख) गाउँपालिकावाट हुने विकास निर्माणमा हेभि मेसिनरी उपकरणहरु शुल्क सहित वा शुल्क रहित परिचालन गर्ने ।

ग) गाउँपालिकावाट हुने विकास निर्माणमा निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई भाडामा दिने ।
घ) ड्राईभर, हेल्परलाई पारिश्रमिक उपलव्ध गराउने ।

ङ) आम्दानी खर्चको हिसाव किताव राख्ने ।

च) हेभी मेसिनरी उपकरणको मर्मत संभार गर्ने ।

छ) आर्थिक रुपमा पारदर्शी वनाउनका लागि सञ्चालक समितिले यान्त्रिक उपकरण साधन परिचालन र मर्मत सम्भार खाता सञ्चालन गर्नेछ ।

ज) समितिले मासिक रुपमा कार्यपालिकाको बैठकमा आम्दानी तथा खर्च विवरण पेश गर्नेछ ।

झ) आवश्यकता अनुसार कार्यविधिलाई कार्यपालिकाको वहुमतले परिमार्जन गर्न सक्नेछ ।

ञ) यान्त्रिक उपकरण साधन सञ्चालनका सन्दर्भमा केही आर्थिक नोक्सानी देखिएमा गाउँपालिकाबाट पेश्की रकम लिएर काम गर्न सकिनेछ ।

ट) समितिले प्राविधिकको जिम्मेवारीमा वडा स्तरिय कार्यक्रम सञ्चालनको लागि सिफारिश गर्नेछ र प्राविधिकको प्रतिवेदनको आधारमा भुक्तानीका लागि सिफारिश गर्नेछ ।

**७. गाडी मर्मत सम्बन्धि व्यवस्था**

क) गाडी मर्मतका लागि विषय खुलाई फाराम भरेर प्राविधिक र समितिको सिफारिसमा मात्रै मर्मत गरिनेछ ।

**८. अन्य व्यवस्था**



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

क) यान्त्रिक उपकरण सञ्चालन सम्वन्धमा लगवुक वनाएर त्यसैमा सम्पूर्ण कामको विवरण यान्त्रिक उपकरण चालकले राख्नुपर्नेछ ।

ख) यान्त्रिक उपकरण साधन व्यक्ति वा समितिलाई आवश्यक परेमा विवरण खुलाई निवेदनका साथमा कार्यालयमा रहेको फाराम अनिवार्य रुपमा भर्नुपर्नेछ ।

गण्डकी गाउँ कार्यपालिकाबाट मिति २०७८ मंसिर १२ गते स्वीकृत भएकी उपर्युक्त अनुसारको गण्डकी गाउँपालिकाको यान्त्रिक साधन सञ्चालन कार्यविधि २०७८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु ।

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७८/०८/१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत